गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# मत्स्य विकास केन्द्र, मिर्मी

गण्डकी प्रदेश, स्याङ्जा

फोन नं-०६३-४०३००६,९८५६०५१००६
E-mail:cfdcmirmi@gmail.com

## रेन्वोट्राउट माछापालनको लागि रेसवे निर्माण तथा विस्तार सहयोग कार्यक्रम सम्वन्धी सूचना।

दोस्रो पटक सूचना प्रकाशित मिति २०८०/०७/१६

यस मत्स्य विकास केन्द्र, मिर्मी, स्याङजाको चालु आ.व २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मत्स्यपालन सम्बन्धी तपशिल वमोजिम कार्यक्रमको लागि लागतसाझेदारीमा कार्य गर्न इच्छुक गण्डकी प्रदेशका रेन्वोट्राउट सम्वन्धी कृषक/ फार्म, कम्पनी, समूह, समिति वा सहकारी संस्थाले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन भित्र तोकिएको ढाँचामा परियोजना प्रस्ताव सहित आवस्यक कागजातहरु संलग्न राखी मत्स्य विकास केन्द्र, मिर्मी, स्याङ्जा वा संम्बन्धित जिल्लाको भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्रमा आवेदन पेश गर्नुहुन सम्वन्धित सवैका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क.स | कार्यक्रम | अधिकतम अनुदान सहकार्य रकम | आवेदक | आवश्यक न्युनतम सर्त तथा मापदण्ड | संख्या |
|---|---|---|---|---|---|
| १ | रेन्वोट्राउट माछापालनको लागि रेसवे निर्माण तथा विस्तार सहयोग कार्यक्रम | ५० प्रतिशत लागत साझेदारीमा बढीमा रु १० लाख | निजि फार्म, समूह, समिति, कम्पनी, वा सहकारी | मत्स्य विकास सम्बन्धी कार्यक्रम संचालन मापदण्ड- २०७७, बमोजिम । | ५ वटा |

**अनुदानको लागि आबेदन पेश गर्दा बुझाउनु पर्ने कागजातहरू:**

१. निवेदन र परियोजना प्रस्ताव ।
२. नेपाली नागरिकताको प्रतिलिपि ।
३. निजी फार्म /समूह/ समिति / सहकारी दर्ता प्रमाण पत्रको प्रतिलिपि, गत आर्थिक बर्षको लेखापरिक्षण प्रतिवेदन ।
४. प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपी, दर्ता नविकरण तथा कर चुक्ताको प्रतिलिपी।
५. फार्म दर्ता भएको स्थानको जग्गाको लालपुर्जाको प्रतिलिपी वा लिजमा भएमा कम्तिमा १० बर्ष सम्मको सम्झौता पत्र ।
६. अघिल्लो दुई आर्थिक वर्षमा कुनै कार्यालयबाट सोही प्रकृतिका अनुदान प्राप्तगरे/नगरेको स्वघोषणा पत्र।
७. प्रतिशत लागत साझेदारीमा काम गर्न इच्छुक भएको प्रतिबद्धता पत्र।
८. सम्वन्धित स्थानीय तहको वडाको सिफारिस तथा सम्वन्धित जिल्लाको भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्रको अघिल्लो दुई आर्थिक वर्षमा सोही प्रकृतिका अनुदान प्राप्तगरे/नगरेको सिफारिस पत्र।

नोटः यस सूचना, निवेदन तथा परियोजना प्रस्तावको ढाँचा मत्स्य विकास केन्द्र, मिर्मी, स्याङ्जा वा सम्वन्धित जिल्लाको भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र वा यस कार्यलयको वेबसाईटबाट पनि प्राप्त गर्न सकिनेछ।

**विस्तृत जानकारीको** लागि सम्पर्क नं ९८५६०५१००६ तथा ९८६५८१८७७१ मा सम्पर्क राखुहुन अनुरोध छ।
**Email:** cfdcmirmi@gmail.com **URL:** www.fdcmirmi.gandaki.gov.np